# सिद्धार्थनगर नगरपालिका कार्यालय सिद्धार्थनगरको

## पटके सवारी कर उठाउने सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

## प्रथम पटक प्रकाशित मिती:२०७३।०१।२७ गते

गणेश बहादुर क्षेत्री
वरिष्ट अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

स्थानीय स्वायत्त शासन नियामावली २०५६ (संशोधन सहित) र स्थानीय निकाय (आ.प्र.) नियामावली २०६४ को नियम १४३ संग सम्बन्धित अनुसुची ११(२) बमोजिम राजमार्ग र सहायक राजमार्ग बाहेक न.पा.क्षेत्र भित्र प्रवेश गर्ने भाडाका सवारी साधन (स्वदेशी तथा विदेशी)को पटके सवारी कर असुली कार्य ठेक्काबाट गर्नु \ गराउनु पर्ने भएकोले आ.ब.२०७३।०७४ वर्ष १(एक) को लागि मुल्य अभिवृद्धि कर बाहेक न्यूनतम रु २६,५०,०००|-(अक्षरुपी छब्बिस लाख पचास हजार) मा नघट्ने गरी लिन चाहाने इच्छुक व्यक्ति वा फर्मले सम्बन्धित निकायहरुमा व्यवसाय दर्ता भई नविकरण भएका प्रमाणपत्रको प्रतिलिपि तथा नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी आफुले लिन चाहेको अंक खोली देहायका शर्तको अधिनमा रही रितपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ ।

शर्तहरुः

१- बोलपत्र फाराम र शर्तहरुको सूची यस कार्यालयको राजश्वशाखा बाट रु.१०००|- ( पछि फिर्ता नहुने गरी ) तिरी खरिद गर्न सकिने छ ।

२ - बोलपत्रदाताले निवेदन दस्तुर वापत रु.५|-( पांच )नगद सहित कबोल गर्ने कुल रकम को ५% ( पांच प्रतिशत ) रकम यस कार्यालयको कृषि विकास बैंक लि., सिद्धार्थनगर स्थित धरौटी खाता नं. (ग-३)०४-१४६-०१०१५०७९-०३-२ मा जम्मा गरेको सक्कल बैंक भौचर/ नगद वा ने. रा.बैंकबाट मान्यता प्राप्त बैंकको ७५ दिन म्याद भएको बिडबण्ड पेश गर्नु पर्ने छ ।

३- यस नगरक्षेत्र भित्र स्थाई ठेगाना भएका फर्मवाला बोलपत्रदाताहरुले अनिवार्यरुपमा नगरपालिकामा व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ । नगरक्षेत्र भन्दा बाहिर स्थायी ठेगाना भएको फर्महरुको हकमा चालु बर्षको व्यवसाय कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने छ ।

४- धरौटी रकम सहित बोलपत्र स्वीकृतिको सूचना पाएको वा घर दैलोमा सूचना टांस भएको मितीले ७ (सात) दिन भित्र ठेक्का अंकको प्रथम किस्ता ( चार महिनाको एक किस्ता) रकम समेत दाखिला गरी बांकी किस्ताको लागि ठेक्का अवधीभर मान्य अवधी रहेको बैंक ग्यारेण्टी पेश गरी पट्टा उठाउनु पर्ने छ ।तोकेको म्याद भित्र सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत हुने छ ।

५- **बोलपत्र खरिद गर्ने अन्तिम मिती, समय र स्थान :-**
क) प्रथम पटक सूचना भएको मितीले ३० औं दिन कार्यालय समय भित्र र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र सि.न.न.पा.कार्यालयकको राजस्व शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ ।

६- **बोलपत्र दर्ता गर्ने अन्तिम मिती, समय र स्थान :-**
क) प्रथम पटक सूचना भएको मितीले ३१ औं दिनको १२.०० बजे भित्र र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र सि.न.न.पा.कार्यालयमा बोलपत्र दर्ता गर्न सकिनेछ ।
ख) दर्ता भएको बोलपत्रहरु बोलपत्रदाता वा निज को प्रतिनिधीहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजहरुको प्रतिनिधी उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७ -**बोलपत्र खोलिने मिती, समय र स्थान :-**
क) सिद्धार्थनगर नगरपालिका कार्यालयमा यो सूचना प्रथम पटक प्रकाशन भएको मितीले ३१ औं दिन र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै पछि कार्यालय खुलेको दिनको १.०० बजे बोलपत्र खोलिनेछ ।

८ - कार्यालयबाट बिकी नभएको, बोलपत्रदाताको दस्तखत नभएको र शर्त राखि पेश भएको बोलपत्र मान्य हुने छैन ।

९ - नगरपालिकाले तोकेको दररेटमा तथा तोकेको स्थानमा रहेर बोलपत्रदाताले पटके सवारी कर उठाउन पाउने छ । नगरपालिकाले तोकेको दररेट भन्दा बढी वा तोके वाहेकको स्थानमा कर उठाएको पाइएमा प्रत्येक पटक रु.३०००|– (तिन हजार) सम्म जरिवानागर्न सकिनेछ ।

१०- बोलपत्रदाताले न. पा. ले तोकेको पटके सवारी कर उठाउदा प्रयोग गर्ने रसिदहरु आफनै तर्फ बाट छपाई सो रसिदहरु यस कार्यालयवाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ । प्रमाणित नगरेको रसिदबाट शुल्क असुली गरेको उजुरी वा जानकारी आएमा प्रत्येक पटक रु.१०००|- (एक हजार) जरिवाना लगाई असूल गर्न सकिनेछ ।

११- रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१२- बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१३- व्यक्तिको हकमा टेण्डर स्वीकृत भए पछि सम्झौता गर्न आउंदा मूल्य अभिवृद्धि करमा दर्ता गरेको प्रमाण पेश गर्नुपर्ने छ ।

१४- कबुल रकम एकमुष्ठ बुझाएमा १० (दश) प्रतिशत छुट दिइने छ ।

१५- बन्द, हडताल, चक्का जाम आदि जुन सुकै अवस्थामा पनि ठेक्का अंकमा कुनै छुट वा मिनाहा दिइने छैन ।

१६- यसमा नपरेको अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुने छ ।

१७- यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिने छ ।

८६२।१।२६